# Craigieburn Primary School

87-91 Grand Boulevard
P.O. Box 88, Craigieburn 3064
Tel: 9308 1228
Email: craigieburn.ps@education.vic.gov.au

*Principal:* *Bernadette Pizaro*
*Assistant Principal:* *Israel Carroll*
*Acting Assistant Principal:* *Lauren Allen*
*Business Manager:* *Renée Ruuska*

आदरणीय आमाबाबा/अभिभावकज्यू

क्रेगिबर्न प्राइमरी स्कूल (Craigieburn Primary School) शिक्षण र सिकाइको अर्को उत्कृष्ट वर्षको लागि तत्पर छ र तपाईंलाई 2024 को लागि Craigieburn Primary School का निम्ति स्वेच्छिक आर्थिक योगदानको विषयमा बताउन चाहन्छ।

विद्यालयहरूले विद्यार्थीहरूलाई सामान्य पाठ्यक्रम आवश्यकताहरू पूरा गर्न निःशुल्क निर्देशन प्रदान गर्छन् र हामी तपाईंलाई ती सबै योगदानहरू स्वेच्छिक छन् भनेर आश्वस्त पार्न चाहन्छौं। तरपनि, परिवारहरुको निरन्तर सहयोगले हाम्रो विद्यालयले हाम्रा विद्यार्थीहरूको लागि उत्तम शिक्षा र सहयोग प्रदान गर्न सक्छ भन्ने कुरा सुनिश्चित गर्दछ। तपाईंको सबै सहयोगको लागि हामी धन्यवाद दिन चाहन्छौं, चाहे त्यो कोष सङ्कलनमा गर्नुभएको सहयोग होस् वा स्वयंसेवाको लागि समय दिएर गर्नुभएको सहयोग होस्। यसले हाम्रो स्कूल र हामीले उपलब्ध गर्न सक्ने कार्यक्रमहरूमा ठूलो फरक पारेको छ।

हाम्रो विद्यालय भित्र यस सहायताले हामीलाई निम्न कुराहरू गर्न सहयोग गरेको छ:

- विभिन्न विविधात्मक विषयहरू र विशेष पाठ्यक्रमका अनुभवहरू जस्तै *किशोरकिशोरी कार्यक्रम* ।
- बढ्दो डिजिटल सिकाइका अवसरहरू।
- बास्केटबल कोर्टहरू पुनरुत्थान गर्ने जस्ता स्कूल मैदानहरूको मर्मतसम्भार।

विभागको अभिभावक भुक्तानी नियम सम्बन्धि थप जानकारीको लागि कृपया यहाँ संलग्न पृष्ठ हेर्नुहोस्।

भवदीय,

Bernadette Pizaro
प्रधानाध्यापक

Amanda Mizzi
अध्यक्ष, स्कूल परिषद्

# Craigieburn Primary School

| **Curriculum Contributions** - items and activities that students use, or participate in, to access the Curriculum | **Amount** |
|---|---|
| Classroom consumables, materials & equipment<br>• Visual Art – paint, crayons, canvas, glitter, coloured paper, craft materials ($9)<br>• STEM – equipment, chemicals ($9)<br>• Mathematics – numeracy blocks, maths kits ($9)<br>• English – book boxes, class sets, novels, readers ($12)<br>• Performing Arts – percussion instruments, costumes, craft materials, puppets, xylophones, ukuleles ($11)<br>• Library – books, subscriptions ($9)<br>• Sports – equipment ($10)<br>• Inquiry & Language – seeds & soil for planting, Play-Doh/materials to make Play-Doh, coloured paper, kernel for popcorn making ($9)<br>• 2024 School Diary ($7) | $85.00 |
| Online subscriptions<br>• Reading Eggs ($8)<br>• Mathseeds, Mathletics ($8) | $16.00 |
| ICT devices – provision of devices from the shared classroom sets | $10.00 |
| Printing and photocopying of worksheets and learning materials | $10.00 |
| **Whole school events**<br>• Cross Country - entry and transport ($10)<br>• Athletics – entry and transport ($10)<br>• Harmony day – celebration materials and food ($10)<br>• House Sports day – celebration materials ($10) | $40.00 |
| **Total Curriculum Contributions** | **$161.00** |

| **Other Contributions -** for non-curriculum items and activities | **Amount** |
|---|---|
| School Sports Victoria affiliation | $5.00 |
| Student wellbeing programs | $10.00 |
| First aid equipment | $5.00 |
| School grounds maintenance and improvements: Our School is investing in two exciting projects:<br>1. Library upgrade ($20) 2. Addition of our Community Hub ($20)<br> | $40.00 |
| **Total Other Contributions** | **$60.00** |

### विद्यार्थीहरूको स्वामित्वका लागि शैक्षिक वस्तुहरू

तपाईंको बच्चाको लागि प्रयोग गर्न *Kookaburra Educational Resource* बाट किन्नु पर्ने 2024 पुस्तक प्याक सूचीमा राखिएका वस्तुहरूको सूची यहाँ संलग्न छ।

### अतिरिक्त क्रियाकलाप तथा त्यस सम्बन्धि सामग्री – प्रयोगकर्ताले तिर्नु गर्ने

Craigieburn Primary School ले सामग्री तथा गतिविधिहरूको धेरै विकल्प प्रदान गर्दछ जसले विद्यार्थीहरुलाई विद्यालयले प्रदान गर्ने पाठ्यक्रमभन्दा धेरै माथि तथा बृहत सिकाईको प्रबर्द्धन गर्दछ । अतिरिक्त क्रियाकलापका सामग्री तथा गतिविधिहरूको लागतका बारेमा कम्पासका माध्यमबाट वर्षभरी जानकारी गराइनेछ।

| Extra-Curricular Items and Activities | Amount |
|---|---|
| Gr 6 Graduation Bear | $16.00 |
| Interschool sports program | TBA |
| Excursions/Incursions to be scheduled and communicated in 2024 | TBA |
| **Total Extra-Curricular Items and Activities** | **$** |

### परिवारहरूको लागि आर्थिक सहायता

Craigieburn Primary School ले बुझ्दछ कि केही परिवारहरूले आर्थिक कठिनाई भोग्न सक्छन्, जसकारण निम्न सहित विभिन्न सहायता विकल्पहरू प्रदान गर्दछ:

- शिविर, खेलकुद तथा भ्रमण कोष (CSEF)
- राज्य विद्यालय राहत (SSR)
- अतिरिक्त - क्रियाकलापका सामग्री तथा गतिविधिहरूका लागि भुक्तानी योजनाहरू

यी सेवाहरूको पहुँचका बारेमा गोप्य छलफलको लागि, वा यदि तपाईं वैकल्पिक भुक्तानी व्यवस्थाको बारेमा छलफल गर्न चाहनुहुन्छ भने, फोन वा इमेल मार्फत कार्यालयमा सम्पर्क गर्नुहोस्:

**फोन**: 03 9308 1228 | **इमेल**: craigieburn.ps@education.vic.gov.au

**Total**

| Category | Totals |
|---|---|
| Curriculum Contributions | $ |
| Other Contributions *(Non-tax deductible)* | $ |
| Extra-Curricular Items and Activities | $ |
| **Total** | **$** |

## भुक्तानी विधिहरू

Craigieburn Primary School नगद-रहित (क्यासलेस) स्कूलमा परिवर्तन भएको छ । रुचाइएको भुक्तानी तरिकाहरू:

- कम्पास (Compass)
- EFTPOS (डेबिट/क्रेडिट कार्ड)

## रिफन्डहरू (पैसा फिर्ता)

रकम फिर्तीका लागि अभिभावकले गरेका अनुरोध स्कुलले गर्ने मूल्यांकनको  अधीनमा रहन्छन् र उक्त मूल्यांकन केस-केसका आधारमा गरिन्छ । विद्यालयले गरेको सम्बन्धित खर्चको लेखाजोखा, विभागको अभिभावक भुक्तानी नीति तथा मार्गदर्शन, परिवार नीतिका लागि वित्तीय सहायता, र अन्य कुनै सान्दर्भिक जानकारीलाई ध्यानमा राख्दा रकम फिर्तीको माग उपयुक्त ठानेको अवस्थामा  स्कूलले फिर्ती प्रदान गर्नेछ । फिर्तीहरू सामान्यतया, भविष्यका उद्देश्यहरूको लागि प्रयोग गरिने क्रेडिटको रूपमा विद्यार्थीहरुको खातामा भुक्तानी गरिनेछ ।

# अभिभावक भुक्तानी नीति

## नि:शुल्क निर्देशन

- विद्यालयहरूले विद्यार्थीहरूका लागि निःशुल्क निर्देशन प्रदान गर्छन् र पाठ्यक्रमका आवश्यकताहरू पूरा गर्न विद्यालयले प्रयोग गर्ने सबै वस्तुहरू, गतिविधिहरू र सेवाहरूमा विद्यार्थीहरूको निःशुल्क पहुँच सुनिश्चित गर्छन् । यसमा Victorian Curriculum F -10, Victorian Certificate of Education (VCE) सहित VCE Vocational Major र Victorian Pathways Certificate समावेश छन् ।
- विद्यालयहरूले अभिभावकहरूलाई विद्यालयको सहयोगका निम्ति आर्थिक योगदान गर्न आमन्त्रित गर्न सक्छन्।

## अभिभावक भुक्तानी अनुरोधहरू

विद्यालयहरूले अभिभावकबाट विभिन्न तीन वर्ग अन्तर्गत योगदानका लागि अनुरोध गर्न सक्छन्:

| **पाठ्यक्रम योगदानहरू** | **अन्य सहयोग** | **अतिरिक्त - पाठ्यक्रम सामग्री तथा क्रियाकलापहरु** |
|---|---|---|
| विद्यालयले विद्यार्थीहरुका निम्ति पाठ्यक्रम सिक्न आवश्यक ठानेका पाठ्यक्रम सामग्री तथा गतिविधिहरूका लागि स्वेच्छिक आर्थिक सहयोग। | विद्यालयको कार्य र उद्देश्यसँग सम्बन्धित गैर - पाठ्यक्रम सामग्री र गतिविधिहरूका लागि स्वेच्छिक आर्थिक सहयोग । | विद्यार्थीहरूको शिक्षाको अनुभवलाई बढाउने वा फराकिलो बनाउने तथा स्कुलले पाठ्यक्रमका लागि नि:शुल्क प्रदान गर्नेभन्दा बृहत किसिमका सामग्री तथा गतिविधिहरू। यी प्रयोगकर्ताले भुक्तानी गर्ने आधारमा प्रदान गरिन्छ । |

- विद्यालयहरूले अभिभावकहरूलाई शैक्षिक वस्तुहरू आपूर्ति गर्न वा खरीद गर्न पनि आमन्त्रित गर्न सक्छन् (जस्तै पाठ्यपुस्तकहरू, स्टेशनरी, डिजिटल उपकरणहरू) ।

## परिवारहरूका लागि आर्थिक सहयोग

- स्कूलहरूले प्रस्तावित सामग्री तथा क्रियाकलापका लागि भुक्तानी गर्न नसक्ने परिवारहरूलाई सहयोग गर्न आर्थिक कठिनाइ सहायताको व्यवस्था राखेका छन् ताकि उनीहरूका बच्चा सुविधाबाट बन्चित नहोउन्।
- ती अभिभावकले आर्थिक कठिनाईको सम्बन्धमा गोप्य छलफल गर्न सकून् भन्ने उद्देश्यले विद्यालयहरुमा मनोनित अभिभावक भुक्तानी सम्पर्क व्यक्ति (हरू) हुन्छन् ।

## विद्यालय प्रक्रियाहरू

- अभिभावक भुक्तानी व्यवस्थाका लागि विद्यालयहरुले स्कुल परिषदको स्वीकृति प्राप्त गर्नुपर्नेछ र पारदर्शिताका लागि उनीहरूले आफ्नो स्कूलको वेबसाइटमा प्रत्येक वर्ष सबै अनुरोध तथा कुराकानी प्रकाशित गर्नुपर्नेछ ।